# सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ

१ नम्बर प्रदेश, नेपाल ।

पत्र संख्या : २०७६।०७७
चलानी नम्बर : ८५३

मिति : २०७६।१२।२६

**विषय : राहत सामाग्रीको दररेट उपलब्ध गराउने बारे दोस्रो पटक प्रकाशित सार्वजनिक सूचना ।**

सिरीजङ्घा गाउँपालिकाको मिति २०७६।१२।२२ मा बसेको गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको "सिरीजङ्घा गाउँपालिका भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६" अनुसारका गाउँपालिका क्षेत्रभित्रका वडा समितिहरुले पहिचान गरेका विभिन्न घरधुरी परिवारलाई राहत उपलब्ध गराउने भनी निर्णय गरेको र सो बमोजिम यस गाउँपालिकाका लागि देहायमा उल्लिखित BoQ बमोजिमका राहत सामाग्रीहरु खरिद गर्नु पर्ने भएकाले के कति दररेटमा उक्त राहत सामाग्री ढुवानी सहितको मूल्यमा यस गाउँपालिका क्षेत्रमा उपलब्ध गराउन सकिन्छ ? मिति २०७६।१२।२८ गते बेलुका ५.०० बजेसम्म प्रति इकाई दररेट उपलब्ध गराउन हुन इच्छुक तथा दर्तावाल सामाग्री उत्पादक एवम् आपूर्तिकर्ता र सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, उल्लिखित राहत सामाग्रीको स्वीकृत नमूना र गुणस्तर यस कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**देहाय**

| सि. नं. | राहत सामाग्रीको विवरण | इकाई | आवश्यक परिमाण | सामाग्री आपूर्तिकर्ताले पेश गर्नुपर्ने दररेट (प्रति इकाईमा रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | चामल (सोना मन्सुली) | प्रति केजी | न्युनतम १५० क्वीण्टलदेखी अधिकतम २५० क्वीण्टलसम्म | | नमूना मुताविकको |
| २. | दाल (मुसुरी) | प्रति केजी | न्युनतम १५०० केजीदेखी अधिकतम ३००० केजीसम्म | | नमूना मुताविकको |
| ३. | आयोडिनयुक्त नुन | प्रति केजी | न्युनतम १ हजार केजीदेखी अधिकतम २ हजार केजीसम्म | | नमूना मुताविकको |
| ४. | खाने तेल (तोरी) | प्रति लिटर | न्युनतम १ हजार लिटरदेखी अधिकतम २ हजार लिटरसम्म | | नमूना मुताविकको |
| ५. | साबुन (नुहाउने) | प्रति गोटा | न्युनतम २ हजार वटादेखी अधिकतम ४ हजार वटासम्म | | नमूना मुताविकको लाइफवोय साबुन |

**पुनश्च :** यस विषयमा थप जानकारीका लागि यस कार्यालयका लेखा प्रमुख श्री भुपेन्द्र बुडाक्षेत्री (सम्पर्क नम्बर ९८५२६६०१४०) सँग विस्तृत विवरण बुझ्न सकिने र, खरिद सम्बन्धी अन्य विषय प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र गाउँपालिकाको निर्णय बमोजिम हुने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**इच्छुक सामाग्री आपूर्तिकर्ताहरुले कार्यालयको इमेल ठेगाना sirijangharuralmunicipality@gmail.com मा तथा कार्यालयमा स्वयम् उपस्थित भई लिखित दरभाउपत्र पेश गर्न सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।**

२०७६।१२।२६

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

ईमेल: sirijangharuralmunicipality@gmail.com
वेभसाईट : www.sirijanghamun.gov.np